मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २१७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं ६ गते शनिबार ❑ 22 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## 'आध्यात्मिक शिक्षाले मानिसलाई स्वस्थ र अनुशासित बनाउँछ'

**पोखरापत्र संवाददाता**
दमौली, ५ भदौं

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले आध्यात्मिक शिक्षाले मानिसलाई स्वस्थ र अनुशासित बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने धारणा राख्नुभएको छ।

तनहुँको शुक्लागण्डकी नगरपालिका-२ स्थित मुक्तिनाथ च्यवनधाममा जारी बोलबम धार्मिक महोत्सवलाई शुक्रबार सम्बोधन गर्दै महामन्त्री पौडेलले पछिल्लो समय युवापुस्तामा पनि आध्यात्मिक शिक्षाको आवश्यकता बढ्दै गएको उल्लेख गर्नुभयो । उहाँले आध्यात्मिक ज्ञान र संस्कारले व्यक्तिको चरित्र निर्माणसँगै समाजमा




सकारात्मक सोचको विकास गर्न सहयोग पुग्ने धारणा राख्नुभयो । मुक्तिनाथ च्यवनधामलाई धार्मिक तथा पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । च्यवनधामको विकाससँगै प्रचारप्रसार गर्न सके धार्मिक पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने भएकाले आवश्यक पूर्वाधार निर्माणमा सबै पक्षको सहयोग र सहकार्य आवश्यक पर्ने उहाँको भनाइ छ। महामन्त्री पौडेलले भन्नुभयो, "आध्यात्मिक शिक्षा वृद्धवृद्धाका लागि मात्र हो जस्तो गरी बुझिएको छ, वास्तवमा यो शिक्षा जीवन पद्धतिसँग जोडिएको विषय हो । यसलाई कसरी व्यवहारमा उतार्ने, के गर्ने र के नगर्ने यसबाट सिक्न सकिन्छ ।" मुक्तिनाथ च्यवनधाममा जारी बोलबम धार्मिक महोत्सव भदौ ८ गतेसम्म सञ्चालन हुनेछ। च्यवनधामका अध्यक्ष अर्जुन लम्सालका अनुसार च्यवनधामको पूर्वाधार विकासका लागि रकम सङ्कलन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो। महोत्सवमा धार्मिक अनुष्ठान, पूजापाठ तथा विभिन्न आध्यात्मिक कार्यक्रम सञ्चालन भइरहेका छन्।

## प्रधानमन्त्री शाह पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं

निजी भ्रमणका क्रममा पोखरा आउनु भएको प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) शुक्रबार कास्कीको माछापुच्छे गाउँपालिका-६, अस्तामस्थित अन्नपूर्ण इको भिलेजमा बास बस्नु भएको छ।

प्रधानमन्त्री शाह दिउँसो सडकमार्ग हुँदै निजी गाडीमा पोखरा आइपुग्नु भएको हो ।

पोखरा आइपुगेपछि उहाँ स्थलमार्गबाटै अस्तामस्थित अन्नपूर्ण इको भिलेज पुग्नु भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । प्रधानमन्त्री शाह शनिबार मुस्ताङ जाने कार्यक्रम रहेको छ। पोखराबाट हेलिकप्टरमार्फत मुस्ताङ जाने गरी आवश्यक तयारी गरिएको श्रोतले जनाएको छ। उहाँ मुस्ताङ भ्रमण सकेर आइतबार पोखरा हुँदै फर्कने कार्यक्रम तय गरिएको श्रोतले उल्लेख गरेको छ।

प्रधानमन्त्री शाह श्रीमती सविना काफ्ले र छोरीसहित निजी भ्रमणमा पोखरा आउनु भएको हो । ग्रामीण परिवेशमा रहेको अन्नपूर्ण इको भिलेजबाट मौसम खुलेको समयमा अन्नपूर्ण हिमशृंखलाको मनोरम दृश्य देख्न सकिन्छ भने त्यहाँबाट पोखराको हेमजा बजार लगायत आसपासका क्षेत्रको दृश्यसमेत अवलोकन गर्न सकिन्छ।

प्रधानमन्त्री शाह अस्तामस्थित इको भिलेजमा पुगिसकेको सुरक्षा निकायले पुष्टि गरेको छ । उहाँको आगमनसँगै इको भिलेज र आसपासको क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको छ । प्रधानमन्त्रीको बसाइका कारण इको भिलेजमा अन्य पर्यटकका लागि बुकिङसमेत नलिइएको स्रोतले जनाएको छ।

सुरक्षा निकायका एक अधिकारीका अनुसार प्रधानमन्त्रीको भ्रमण निजी भएकाले उहाँको पोखरा आगमनअघि सुरक्षा निकायलाई औपचारिक जानकारी थिएन। उहाँ पोखरा आइपुगेपछि मात्र भ्रमणबारे सुरक्षा निकायलाई जानकारी गराइएको थियो । प्रधानमन्त्री शाहको मुस्ताङ भ्रमणका क्रममा त्यहाँका विभिन्न क्षेत्रको अवलोकन तथा भेटघाटसमेत हुने बताइएको छ।

## देशभर करिब ९८ प्रतिशत धान रोपाइँ सम्पन्न

**रासस**
काठमाडौं, ५ भदौं

कृषि विभागले देशभर करिब ९८ प्रतिशत धान रोपाइँ सम्पन्न भएको जनाएको छ।

यो गत वर्षको तुलनामा १.९२ प्रतिशतले धेरै हो । विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार आजसम्म १३ लाख ४१ हजार ७६४ हेक्टर जमिनमा रोपाइँ भएको छ। विभागले १३ लाख ७० हजार हेक्टर जमिन खेतीयोग्य रहेको जनाएको छ । प्रदेशगत रूपमा हेर्दा सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी १०० प्रतिशत रोपाइँ सम्पन्न भएको छ । कर्णालीमा ९८.५ प्रतिशत, लुम्बिनीमा ९७.८७ प्रतिशत, गण्डकीमा ९६.६८ प्रतिशत, बागमतीमा ९७.८२ प्रतिशत, मधेसमा ९८.१० प्रतिशत, कोशीमा ९७ प्रतिशत रोपाइँ सकिएको छ । विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले विशेषगरी मधेस प्रदेशलगायतका क्षेत्रमा पर्याप्त पानी नपरेकाले यस वर्ष केही ढिला रोपाइँ भएको बताउँदै पछिल्लो समय रोपाइँमा सुधार आएको जानकारी दिनुभयो ।उहाँका अनुसार अधिकांश स्थानमा रोपाइँ गर्न आकासे पानीकै भर पर्नुपर्ने अवस्था भए पनि मनसुन सुखद् रहेका कारणल्लो वर्षको तुलनामा यस वर्ष धान रोपाइँको अवस्था राम्रो रहेकाले उत्पादनमा वृद्धि हुन्छ।

## गाँजाको औषधीय प्रयोगमा सरकार सकारात्मक छ : अर्थमन्त्री वाग्ले

**रासस**
काठमाडौं, ५ भदौं

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले औषधीय प्रयोजनका लागि गाँजा उत्पादन तथा बजारीकरणमा अर्थ मन्त्रालयले सहजीकरण गर्ने विश्वास दिलाउनुभएको छ।

राष्ट्रियसभाको आजको बैठकमा सांसद विष्णुकुमारी सापकोटाको प्रश्नको जवाफ दिँदै उहाँले गाँजा उत्पादन तथा बजारीकरणलाई आय, रोजगारी र सम्भावित राजस्व सङ्कलनको विषयका रूपमा मात्र हेर्न नहुने बताउनुभयो। उहाँका अनुसार गाँजा औषधिजन्य तथा लागुपदार्थका रूपमा नियन्त्रित विषय भएकाले यसबारे विज्ञबाट अध्ययन गरी आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने हुन्छ । "गाँजा उत्पादन तथा बजारीकरणको विषय आय, रोजगारी तथा सम्भावित राजस्व सङ्कलनमा मात्र सीमित नभई औषधिजन्य तथा लागुपदार्थका रूपमा नियन्त्रित विषय हो । सम्बन्धित विज्ञबाट अध्ययन तथा निष्कर्ष भई कानुनबमोजिम व्यवस्थित गरिएमा अर्थ मन्त्रालय सहजीकरणका लागि तत्पर रहनेछ", अर्थमन्त्री वाग्लेले भन्नुभयो । विकसित तथा पश्चिमा मुलुकहरूमा समेत यस विषयमा खुलापन बढिरहेको उल्लेख गर्दै अर्थमन्त्री वाग्लेले नेपालले पनि सकारात्मक दृष्टिले अध्ययन गर्नुपर्ने धारणा राख्नुभयो।

## कांग्रेसको १५औँ महाधिवेशन रोक्न माग गर्दै रिट

**रासस**
काठमाडौं, ५ भदौं

सर्वोच्च अदालतमा नेपाली कांग्रेसको १५औँ महाधिवेशन रोक्न आदेशको माग गर्दै रिट निवेदन दायर गरिएको छ।

पार्टीका पूर्वसभापति शेरबहादुर देउवाका तर्फबाट बारेसमार्फत आगामी असोजमा तय भएको १५औँ महाविधेशन रोक्न आदेशको माग गर्दै शुक्रबार रिट निवेदन दायर गरिएको हो । कांग्रेसको निर्वाचन समितिले १५औँ महाधिवेशन आगामी असोज १६ गतेदेखि १९ गतेसम्म काठमाडौँमा हुने कार्यतालिका सार्वजनिक गरेको छ। उक्त निर्णय रोक्न रिट निवेदन पेस गरिएको हो । कांग्रेसको आधिकारिता विवादमा सर्वोच्च अदालतमा पुनः सुनुवाइ गर्न देउवा पक्षले निस्सा (अनुमति) पाएको छ। सोको टुङ्गो नलाग्दासम्म महाधिवेशन प्रक्रिया रोक्न रिट निवेदनमा माग गरिएको हो।

## नमस्ते हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा. लि. को

## पन्ध्रौं बार्षिक साधारणसभा सम्बन्धी सूचना

**नमस्ते हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.**को **पन्ध्रौं बार्षिक साधारणसभा** तपसिलको मिति, समय र स्थानमा हुन गईरहेकोले उक्त दिन सम्पूर्ण सञ्चालक समिति र शेयर सदस्यज्यूहरुलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोधका साथ सूचित गरिन्छ।

**मिति : २०८३ साल भाद्र २२ गते सोमवार**
**समय : अपरान्ह ५:०० बजे**
**स्थान : होटल टास्क ईन्टरनेशनल प्रा.लि. को मुन्धुम सभाहल**
**पोखरा-१०, अमरसिंह**

**छलफलका बिषयहरू:**

- आर्थिक वर्ष २०८२/०८३ को प्रगति तथा बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ।
- आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल र स्वीकृत गर्ने ।
- आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।
- आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्यक्रम तथा अनुमानित बजेट पारित गर्ने ।
- सञ्चालक समिति वा पदाधिकारीहरुको निर्वाचन वा पुनर्गठन ।

**विशेष प्रस्तावहरू:**

- हस्पिटलको नाम संशोधन सम्बन्धमा ।
- शेयर खरिद विक्री सम्बन्धमा ।
- शेयर प्रमाण-पत्र वितरण सम्वन्धमा ।

**पुनश्च:** वार्षिक साधारणसभाको दिन उपस्थित सम्पूर्णलाई खानाको व्यवस्था गरिएको समेत जानकारी गराउदछौ ।

**आज्ञाले**
**युब राज शर्मा**
**कम्पनी सचिव**

## महिनाको पहिलो शनिबार 'फनराइड', साइकल संस्कृतिलाई प्रवर्द्धन गर्ने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ५ भदौं

साइकल सिटी पोखराले स्वास्थ्य, वातावरण संरक्षण तथा दिगो पर्यटन प्रवर्द्धनसँगै पोखरामा साइकल संस्कृतिको विकास गर्ने उद्देश्यले हरेक महिनाको पहिलो शनिबार नियमित 'फनराइड' आयोजना गर्ने क्रममा यसपाली भने पोखरादेसखि तनहुँको ढोरवाराही मन्दिरसम्म गर्ने भएको छ।

साइकल सिटी पोखराको आयोजनामा हुने फनराइडमा पोखराबाट करिब ७० जना तथा शुक्लागण्डकी साइक्लिङ क्लबबाट करिब ५० जना साइकलप्रेमीको सहभागिता हुने भएको छ। नियमित साइकल यात्रामार्फत स्वस्थ जीवनशैली, वातावरणमैत्री यातायात र पर्यटन प्रवर्द्धनको सन्देश फैलाउने उद्देश्यले कार्यक्रमलाई निरन्तरता दिन लागिएको साइकल सिटी पोखराका अध्यक्ष श्यामकृष्ण श्रेष्ठले बताए । कार्यक्रममा शुक्लागण्डकी नगरपालिकाका मेयर, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष तथा साइकल सिटी पोखराका वरिष्ठ सल्लाहकार आनन्दराज मुल्मी, घरपझोङ गाउँपालिका, जोमसोमका अध्यक्ष मोहनसिंह लालचन लगायतको सहभागिता तथा सहकार्य रहने जनाइएको छ। लालचन साइकल सिटी पोखराका संरक्षक सदस्य समेत हुन्। त्यस्तै संस्थाका सल्लाहकार ईश्वर कर्माचार्य र निरज थापालगायतको सहभागिता रहनेछ । नियमित फनराइडलाई केवल मनोरञ्जनात्मक साइकल यात्रामा सीमित नराखी स्वास्थ्य, वातावरण र पर्यटनसँग जोडेर अघि बढाउने योजना रहेको अध्यक्ष श्रेष्ठले बताए । उनका अनुसार प्रत्येक महिनाको पहिलो शनिबार हुने कार्यक्रमले पोखरा तथा आसपासका क्षेत्रमा साइकल चलाउने संस्कृतिलाई थप विस्तार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। यसअघि विश्व साइकल दिवस तथा विश्व वातावरण दिवसको अवसरमा साइकल सिटी पोखराले 'साइकल चलाऔं, स्वस्थ रहौं, पृथ्वी बचाऔं' भन्ने मूल नारासहित विभिन्न कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई शैक्षिक सामग्री तथा विद्यालय पोशाक वितरण, वृक्षारोपण र वृहत् साइकल र्‍याली आयोजना गरिएको थियो । पोखरा-६, लेकसाइडस्थित डिहीको पाटन क्षेत्रमा फलफूल तथा फूलका बिरुवा रोप्नुका साथै गार्डेनमा आउने आगन्तुकको सुविधाका लागि गार्डेन चेयरसमेत हस्तान्तरण गरिएको थियो। मानव अधिकार चोकबाट सुरु भएको वृहत् साइकल र्‍याली पृथ्वीचोक, बिरौटाचोक,सिर्जनाचोक,सिद्धार्थचोक, नालामुख, मोहरियाटोल, पुरानो टुँडिखेल र हरिचोक हुँदै हेम्जाको सुइखेतस्थित रिभर भ्याली रिसोर्टमा पुगेर समापन भएको थियो । अध्यक्ष श्रेष्ठले पेट्रोलियम पदार्थको मूल्यवृद्धि तथा बढ्दो वातावरणीय चुनौतीका बीच साइकललाई सस्तो, स्वास्थ्यवर्द्धक र वातावरणमैत्री यातायातको प्रभावकारी विकल्पका रूपमा विकास गर्नुपर्ने बताए। विद्युतीय सवारीसाधनको प्रयोग बढिरहेको भए पनि दैनिक आवतजावत तथा छोटो दूरीका यात्रामा साइकलको प्रयोगलाई प्राथमिकता दिनुपर्ने उनको भनाइ छ। पोखरामा पछिल्लो समय साइकल प्रयोगकर्ताको संख्या बढ्दै गए पनि आवश्यक पूर्वाधारको विस्तार भने अपेक्षाअनुसार हुन नसकेको श्रेष्ठले बताए। पोखराका केही स्थानमा साइकल लेन तथा साइकल स्ट्यान्ड निर्माणको सुरुवात भए पनि त्यसलाई विस्तार गर्दै प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने उनको भनाइ छ। "पर्यटनको सहर पोखरालाई वास्तविक साइकल सिटीका रूपमा विकास गर्न साइकलमैत्री पूर्वाधार आवश्यक छ," श्रेष्ठले भने, "नियमित फनराइडजस्ता कार्यक्रमले साइकलप्रतिको आकर्षण बढाउनुका साथै स्वस्थ जीवनशैली, वातावरण संरक्षण र दिगो पर्यटनको सन्देश प्रवाह गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।"

साइकल सिटी पोखराले नियमित फनराइडलाई निरन्तरता दिँदै स्थानीय साइकलप्रेमी, विभिन्न साइकल क्लब, पर्यटन व्यवसायी तथा सम्बन्धित संघसंस्थालाई समेत जोडेर पोखरालाई साइकलमैत्री पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिएको जनाएको छ।

# पोखराको फिस्टेल एकेडेमीमा 'फिस्टेल मोडल युनाइटेड नेसन्सको सुरुवात

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं

पोखरास्थित फिस्टेल एकेडेमी (आईबी वर्ल्ड स्कुल) मा फिस्टेल मोडल युनाइटेड नेसन्स ३.० (FMUN 3.0) सुरु भएको छ।

तीन दिन सम्म फिस्टेल एकेडेमीमा आयोजना हुने उक्त कार्यक्रमको कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले उद्घाटन गरे।



सो अवसरमा वोल्दै प्रमुख जिल्ला अधिकारी गुरुङले विद्यालयले आयोजना गरेको फिस्टेल मोडल युनाइटेड नेसन्स कार्यक्रमले विद्यार्थीहरुलाई सिकाईप्रति थप जिम्मेवार बनाउने बताए। वर्तमान समयका विद्यार्थीहरुले एक्काइसौं शताब्दीका चुनौतीबाट बुझेर तिनको समाधानमा अग्रसर हुनुपर्नेमा उनको जोड रहेको थियो। आगामी आइतबार सम्म सञ्चालन हुने उक्त कार्यक्रममा पोखरा र पोखरा बाहिरका तीन दर्जन विद्यालयका ८ सय बढी विद्यार्थीहरुको सहभागीता रहेको छ। विद्यार्थीहरूलाई संयुक्त राष्ट्रसंघ अन्तर्गतका विभिन्न २४ वटा समूह (कमिटी) हरूमा विभाजन गरी कार्यशाला सञ्चालन गरिएको छ। समावेश गरिएका प्रमुख कमिटीहरूमा विश्व स्वास्थ्य संगठन ध्ज्इ, अन्तराष्ट्रिय श्रम संगठन क्षिइ, (संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम UNDP, NATO, DISEC, UN Women, UNEA, UNSC, UNODC, UNICEF, र UNESCO रहेका छन। कार्यक्रममा सहभागी विद्यार्थीहरूले १ सय ८० देशका प्रतिनिधि (डेलिगेट्स) बनेर विश्वव्यापी रूपमा देखिएका समस्या र तिनको समाधानका लागि संयुक्त राष्ट्रसङ्घले गर्ने पहलका विषयमा सघन छलफल गर्नेछन्। यस अभ्यासबाट विद्यार्थीहरूमा अनुसन्धानात्मक तथा सिर्जनात्मक सीपको विकास हुनुका साथै तार्किक तथा कूटनीतिक चासोका बारेमा समेत व्यावहारिक ज्ञान प्राप्त हुनेछ।

कार्यक्रमको उद्घाटन शत्रमा विद्यालयका प्रबन्ध निर्देशक एलिस रानाभाटले स्वागत मन्तव्य राख्दै यस्ता कार्यक्रमले विद्यार्थीहरूलाई सिकाइ प्रक्रियामा थप सहजता प्रदान गर्ने विश्वास व्यक्त गरे। कार्यक्रममा यूएनडीपीका गण्डकी लुम्बिनी प्रदेश प्रमुख सुदीप अर्याल, प्याब्सनका केन्द्रीय सल्लाहकार वीरबहादुर बुढाथोकी, प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतम, अष्ट्रेलियन क्याथोलिक युनिभर्सितीका प्रतिनिधिहरु लगायत विभिन्न व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

कक्षा ११ की छात्रा स्नेहा खड्काले सञ्चालन गरेको उक्त कार्यक्रममा विद्यार्थीहरूले विभिन्न आकर्षक सांस्कृतिक प्रस्तुतिहरू समेत प्रस्तुत गरेका थिए। कार्यक्रमको अन्तिम दिन आइतबार विद्यार्थीहरूले आ-आफ्ना अवधारणाहरू र छलफलका निष्कर्षहरू प्रस्तुत गर्नेछन्। यसका लागि सम्बन्धित विषयक्षेत्रका विज्ञहरूले विद्यार्थीहरूलाई आवश्यक सहजीकरण तथा मार्गदर्शन गर्ने व्यवस्था मिलाइएको आयोजकले जनाएको छ।

# दिगो पर्यटन विकासमा होटल संघको अग्रसरता

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं

होटल संघ पोखरा नेपालको आयोजना तथा स्वीस कन्ट्र्याक्ट र युनाईटेड कम्युनिटी नेपालको प्राविधिक सहयोगमा शुक्रबार पोखरामा दिगो पर्यटन विकास सम्बन्धि एक कार्यक्रम सम्पन्न भएको छ।

डेभलपिङ इन्क्लुसिभ एण्ड ग्रिन अपरच्युनिटी (डिगो) हस्पिटालिटी एक्स्चेञ्ज २०२६ नाम दिएर यो कार्यक्रम आयोजना गरिएको हो। दिगो पर्यटन विकासका लागि होटल क्षेत्रलाई थप अग्रसर गराउने उद्धेश्यका साथ कार्यक्रम आयोजना गरिएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। होटल क्षेत्रमा पानीको उचित सदुपयोग, फोहोरको पुनः प्रयोग तथा दिगो व्यवस्थापन र उर्जाको किफायति प्रयोगलाई कार्यक्रमले प्रमुख रुपमा जोड दिएको अध्यक्ष सुवेदीले बताए। हरित पर्यटनको विकास, होटलका सदस्यहरुको हित तथा संख्यात्मक भन्दा गुणस्तरीय पर्यटनलाई जोड दिँदै संघले विभिन्न संघसंस्थासँग सहकार्य गर्दै यस्ता कार्यक्रम आयोजना गरेको जानकारी पनि उनले दिए। कार्यक्रमको उद्घाटन गर्दै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले पानीको सही सदुपयोग होटल क्षेत्रका लागि




मात्र नभई सबैका लागि महत्वपूर्ण पक्ष भएको भन्दै यसको आबश्यक मात्रा मात्रै सदुपयोग गर्दा पनि धेरै पानी जोगिन सक्ने भनाई राखे। अमेरिका तिर इको टुरिजम भन्ने गरिए पनि युरोपमा दिगो पर्यटनलाई जोड दिने गरिएको अनुभव सुनाउँदै उनले पोखराले दिगो पर्यटन विकासको क्षेत्रमा राम्रै प्रगति हाँसिल गर्दै गरेको बताए।

युनाईटेड कम्युनिटी नेपाल (युनिकोन) का कार्यकारी निर्देशक विनोद न्यौपानेले होटल तथा पर्यटन क्षेत्रमा दिगो पर्यटन विकासको अभ्यासलाई जोड दिने गरी आफ्नो संस्थाले व्यवसायीसँग सहकार्य गरिरहेको जानकारी गराए। पोखरा महानगरपालिका आर्थिक विकास महाशाखाका विभागीय प्रमुख मनहर कडरियाले वातावरण संरक्षणको ख्याल गर्दै कसले कम भन्दा कम कार्वन उत्सर्जन गर्‍यो भन्ने विषय समेत आधुनिक विश्वको मुद्दा बन्न पुगेको भनाई राखे। कार्यक्रममा पर्यटन शिक्षा, पर्यटन प्रबर्द्धन दिगो पर्यटन विकास, वातावरण संरक्षण, सौर्य उर्जा, फोहोर व्यवस्थापन, पानी व्यवस्थापन लगायतका क्षेत्रमा काम गर्दै आएका झण्डै एक दर्जन संस्था र विज्ञका तर्फबाट विभिन्न प्रस्तुतीहरु राखिएका थिए। होटल क्षेत्रले हरित र दिगो पर्यटन विकासमा गरेको कामको प्रमाणिकरणमा टेवा पुग्ने हिसावले केकस्ता पक्षलाई अँगाल्न सकिन्छ भन्ने विषयमा पनि विज्ञहरुले सो अवसरमा प्रस्तुती दिएका थिए।

सो अवसरमा रोहिणी इञ्जिनियरिङ सर्भिस प्रालि, जानकी इनर्जी प्रालि, प्रकृति कन्सल्ट प्रालि, फाइव हन्ड्रेड बी सोलुसन प्रालि, डोको रिसाइकलर्स, स्मार्ट पानि प्रालि, अस्टक इञ्जिनियर्स एण्ड कन्स्ट्रक्सन प्रालि, सस्टेनेविलिटी सोलुसन्स नेपाल प्रालि लगायतका संस्था र विज्ञको प्रस्तुतीलाई समेटिएको छ।

# पर्वतीय दौड प्रतियोगिताको तयारी स्वरूप शनिबार पोखरादेखि पुम्दीकोटसम्म हाईकिङ हुने

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं

तेस्रो पुम्दी-भुम्दी खुला पर्वतीय दौड प्रतियोगिता-२०८३ को तयारीस्वरूप आउदो शनिबार पोखरादेखि पुम्दीकोटसम्म हाईकिङ हुने भएको छ। पुम्दी-भुम्दी क्षेत्रको गाउँ पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले पोखरा प्रवर्द्धन केन्द्र र पोखरा क्लिकको आयोजनामा करिब ७ किलोमिटरको हाईकिङ हुन लागेको आयोजकले जनाएको छ।

पोखरा-१७ स्थित माछापुच्छे बिम्ब पार्क (ड्यामसाइड) बाट शनिबार बिहान ७:३० बजे सुरु हुने हाईकिङ रानीवन हुँदै पुम्दीकोटस्थित विशाल महादेवको मूर्तिसम्म पुगेर नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको 'ड्रिम सिटी'सम्म पुग्नेछ। पदयात्रामा पर्यटनकर्मी, संचारकर्मी, स्थानीयवासीको सहभागिता हुने भएको छ। पोखरा प्रवर्द्धन केन्द्रका अध्यक्ष दीननाथ बरालले पुम्दी-भुम्दी क्षेत्रको पर्यटन प्रवर्द्धनसँगै आगामी पर्वतीय दौड प्रतियोगिताको तयारी र प्रचारप्रसारका लागि हाईकिङ आयोजना गरिएको बताए। उनका अनुसार हाईकिङले पुम्दीकोटको धार्मिक पर्यटनसँगै पदयात्रा, गाउँ पर्यटन र नयाँ पर्यटकीय संरचनाबारे समेत प्रचार गर्नेछ। विश्व पर्यटन दिवसको अवसर पारेर हरेक वर्ष आयोजना हुँदै आएको पुम्दी-भुम्दी खुला पर्वतीय दौड प्रतियोगिता यस वर्ष भने असोजको दोस्रो साता आयोजना हुने भएको छ। प्रतियोगिताको पूर्वतयारी तथा क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि आयोजना गरिएको हाईकिङमा सहभागीले पुम्दीकोटको प्रसिद्ध ५१ फिट अग्लो शिवको मूर्तिसँगै पछिल्लो समय सञ्चालनमा आएको 'ड्रिम सिटी'को समेत अवलोकन गर्नेछन्।

शनिबार हुने हाईकिङ कार्यक्रमलाई सफल बनाउन ड्रिम सिटीले समन्वय गरेको छ भने नेपाल पर्यटक यातायात व्यवसायी संघ (एनटिभिए) गण्डकी प्रदेशले सहयोग गर्ने भएको छ। केन्द्रका सचिव सागर सुनारका अनुसार गत वर्ष आयोजना भएको पर्वतीय दौड प्रतियोगितामा सात देशका १६७ जना धावक सहभागी भएका थिए। आगामी प्रतियोगितामा समेत स्वदेश तथा विदेशका धावकलाई सहभागी गराउने तयारी भइरहेको उनले बताए।

पुम्दी-भुम्दी क्षेत्रमा धार्मिक पर्यटनसँगै गाउँ पर्यटन, पदयात्रा र मनोरञ्जनात्मक गन्तव्य थपिँदै गएकाले यस क्षेत्रलाई पोखराको वैकल्पिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न हाईकिङ तथा पर्वतीय दौड जस्ता गतिविधिले थप योगदान पुऱ्याउने आयोजकको विश्वास छ।

## पुम्दीकोटमा थपिएको 'ड्रिम सिटी'

पुम्दीकोट क्षेत्रलाई नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यसहित निजी लगानीमा निर्माण गरिएको 'ड्रिम सिटी' सञ्चालनमा आएपछि यस क्षेत्रमा पर्यटकका लागि थप आकर्षण थपिएको छ। पोखरा महानगरपालिका-२२ पुम्दीकोटमा करिब १४ रोपनी क्षेत्रफलमा फैलिएको ड्रिम सिटीमा विभिन्न मनोरञ्जनात्मक तथा दृश्यावलोकनका संरचना निर्माण गरिएको छ। परियोजनामा अम्ब्रेला पार्क, हट एयर बलुन फोटो बुथ, ग्लास स्काईवाक, पिङ, स्विङ, रेष्टुरेन्ट लगायतका संरचना रहेका छन्। क्रुज सिपको आकारमा निर्माण गरिएको ड्रिम सिटी रातको समयमा आकर्षक बत्तीले झनै मनमोहक देखिने गरेको छ। स्थानीयको जग्गा लिजमा लिएर निर्माण गरिएको परियोजनामा स्थानीयसहित चार जनाको लगानी रहेको सञ्चालकमध्येका एक श्यामकुमार बजगाईंले जानकारी दिए। उनका अनुसार करिब ३५० रुपैयाँ शुल्कमा परियोजनाभित्र रहेका सबै आकर्षणको अवलोकन गर्न सकिन्छ। रेष्टुरेन्ट तथा बारमा एकैपटक करिब दुई सय जनाले सेवा लिन सक्ने व्यवस्था गरिएको छ। ड्रिम सिटीबाट अन्नपूर्ण, माछापुच्छे र धौलागिरि हिमालसँगै फेवाताल, स्तूपा, कालावाङ घरेडी बुद्धपार्क लगायतका प्राकृतिक तथा पर्यटकीय दृश्य अवलोकन गर्न सकिन्छ।

पुम्दीकोट महादेव मन्दिरबाट करिब दुई सय मिटर पश्चिममा रहेको परियोजनामा सार्वजनिक यातायात, ट्याक्सी तथा निजी सवारीसाधनबाट सहजै पुग्न सकिन्छ। बजगाईंले पुम्दीकोट आउने पर्यटकलाई केही घण्टा थप समय बिताउने वातावरण बनाउने उद्देश्यले परियोजना सञ्चालनमा ल्याइएको बताए द्छ। "पुम्दीकोट आउने पर्यटकलाई केही घण्टा थप समय बिताउने वातावरण बनाउनु हाम्रो उद्देश्य हो। परियोजनाभित्र भुलभुलैयादेखि विभिन्न मनोरञ्जनात्मक तथा फोटो खिच्न सकिने आकर्षणहरू छन्," उनले भने।

# कास्कीका स्थानीय तहहरूको बार्षिक समिक्षा

पोखरापत्र संवाददाता
पोखरा, ५ भदौं

जिल्ला समन्वय समिति कास्कीले स्थानीय तहरूको आर्थिक बर्ष २०८२-८३ को बार्षिक समिक्षा तथा असल अभ्यास अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ।



कार्यक्रमको गण्डकी प्रदेश सभा सदस्य देवका पाहारीले उद्धाटन गर्नु भएको थियो।

पहारीले नेपालको संविधानले ब्यबस्था गरेका तीन तहका सरकारहरू बिच प्रभाबकारी समन्वय र सहजीकरणमा जिसस कास्कीको भुमिका प्रसम्सनिय भएको उल्लेख गर्दै योजनाको छनोट र कार्यान्वयनका लागि स्पस्ट कानुनी र ब्यबस्थित संरचना निर्माण जरुरी देखिएको उल्लेख गर्नुभयो। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कास्कीका पालिकाहरूको कार्य सम्पादनको स्तर र बिकास निर्माणका कार्यहरूमा गुणस्तर वृद्धि गर्ने उद्देश्यले स्थानीय सरकार संचालन ऐनले ब्यबस्था गरे अनुसार समिक्षा कार्यक्रम अर्ध बार्षिक र बार्षिक रूपमा आयोजना गर्ने गरिएको उल्लेख गर्नुभयो। प्रमुख पौडेलले बिकासका योजना छनोट प्रक्रिया र प्राथमिकिकरणमा देखिएका त्रुटिका कारण पालिकाहरूको कार्य सम्पादनको स्तर अपेक्षित रूपले उत्कृष्ट हुन नसकेको उल्लेख गर्दै कास्की पालिकाहरूलाइ सुशासन, पारदर्शीतारजवाफदेहितासहितका सेवा प्रबाहमा ध्यान दिन आग्रह गर्नुभयो। पौडेलले कास्कीका पालिकाहरूलाई बेरूजुमुक्त पालिका बनाउन आग्रह गर्नुभयो। शुक्रबार कास्कीका पोखरा महानगरपालिका, अन्नपूर्ण, माछापुच्छे, रूपा र मादी गाउँपालिकाहरूको आर्थिक बर्ष २०८२-८३ को समिक्षा गरिएको र आगामी सोमबार बिकास तर्फका कार्यालय एवम् मंगलबार सामाजिक सेवा प्रदायक कार्यालयहरूको समिक्षा गरिने जिल्ला समन्वय अधिकारी नवराज बरालले जानकारी दिनुभयो। कार्यक्रममा पोखरा चेम्बर अफ कमर्सका महासचिव गोकर्ण अधिकारी, नागरिक समाज कास्कीका अगुवा राम बहादुर पौडेल, माछापुच्छे गाउँपालिकाका अध्यक्ष मीन बहादुर गुरुङ, सहितले मन्तव्य व्यक्त गर्नुभएको थियो।

समिक्षामा कास्कीका पालिकाका प्रमुख, कार्यकारी अधिकृत, नागरिक समाजका अगुवाहरू, उद्योगी ब्यबसायिका प्रतिनिधिहरू को उपस्थिति रहेको थियो। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न समिक्षा कार्यक्रममा स्वागत उप-प्रमुख सरिता मालले र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको सूचना अधिकारी लक्ष्मु शर्माले जानकारी दिनुभयो।

## साक्षर समाज-सक्षम राष्ट्र

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

शिक्षाः

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।

नेपाल सरकार
विज्ञापन बोर्ड

# चामे-बैँसीसहर सडक अवरुद्ध

पोखरापत्र संवाददाता
मनाङ, ५ भदौं

हिमाली जिल्ला मनाङको मेरुदण्ड (लाइफलाइन) को सडक चामे-बैँसीसहर सडक अवरुद्ध भएको छ। नार्सों गाउँपालिका-३ खोत्रो पाखामा सडक भासिएर उक्त सडक अवरुद्ध भएको हो।

सडक भासिदा पूर्ण रुपमा चामे-बैँसीसहर सडक अवरुद्ध भएको प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालले जानकारी दिनुभयो। "वर्षायाममा पहाडी क्षेत्र जोखिम हुनुका साथै भासिने र बाढीपहिराले अवरुद्ध हुने गरेको छ", उहाँले भन्नुभयो, "भासिएको सडक खुलाउन उक्त क्षेत्रमा आवश्यक सामग्रीसहित सुरक्षाकर्मी पुगिसकेका छन्।"

मनाङको एक मात्र लाइफलाइन रहेको उक्त सडकमा यात्रा गर्नेहरुले कहिले लमजुङको पहिरो त कहिले मनाङको पहिरोका कारण सास्ती भोग्नु परेको स्थानीय देवेन्द्र गुरुङले बताउनुभयो। "मनाङी त सधैँ सास्तीमा रहनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो।

क्षमताभन्दा धेरै भार भएका गाडीका कारण पनि यो सडक भासिएको हुनसक्ने स्थानीय पासाङ लामाले बताउनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# म्याग्दीमा ७३ करोडको आलु र सुन्तला बिक्री

**जनक श्रेष्ठ**
म्याग्दी, ५ भदौं/रासस



एक वर्षको अवधिमा म्याग्दीबाट रु ७३ करोड मूल्यबराबरको आलु र सुन्तला बिक्री भएको छ । कृषि विकास कार्यालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा रु ४० करोडको आलु र ३३ करोड ८६ लाख मूल्यबराबरको सुन्तला बिक्री भएको छ । चार हजार ५१५ मेट्रिक टन सुन्तला र ३३ हजार १२० मेट्रिक टन आलुको व्यापार भएको कार्यालयका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत सञ्जीव बास्तोलाले जानकारी दिनुभयो ।

"चार सय ३० हेक्टर क्षेत्रफलमा सुन्तला र एक हजार ८४० हेक्टरमा आलुखेती भएको थियो", उहाँले भन्नुभयो, "सुन्तला प्रतिहेक्टर १०.५ र आलु प्रतिहेक्टर १८ मेट्रिक टनका दरले उत्पादन भएको छ।" सुन्तलाको सरदर मूल्य प्रतिकिलोग्राम रु ७५ र आलुको रु ३० का दरले बिक्री भएको हो । अघिल्लो वर्षको तुलनामा सुन्तला उत्पादन समान भए पनि वैशाख र जेठ महिनाको असिनाका कारण भएको क्षतिले रु २० करोड मूल्यबराबरको आलु उत्पादन घटेको अधिकृत बास्तोलाले बताउनुभयो । म्याग्दीको आलु र सुन्तला बेनी, पोखरा, काठमाडौँ र चितवनका बजारमा बिक्री हुन्छ । आव २०८०/८१ मा एक हजार ७५० हेक्टरमा ३१ हजार ४५० मेट्रिक टन आलु र रु २४ करोडबराबरको तीन हजार ६०० मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । कृषि प्राविधिकले 'क्रपकटिङ' विधिबाट फलफूल, तरकारी र खाद्यबाली उत्पादनको तथ्याङ्क सङ्कलन गर्दै आएका छन् । अन्नपूर्ण गाउँपालिकाको शिख, खिबाङ, राम्चे, काफलडाँडा नाङ्गी, हिस्तान, पाउद्वार, रघुगङ्गा गाउँपालिकाको कुइनेमङ्गले, दर्मिजा, चिमखोला, ठाडाखानी, बेनी नगरपालिकाको भकिम्लीलगायत ठाउँमा आलु उत्पादन हुन्छ । राखु, मरेक, सुर्केमेला, बरङ्जा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा २०० भन्दा बढी सुन्तला बगैँचा छन् । सवारीसाधनको पहुँच पुगेपछि गाउँगाउँमा उत्पादन भएको आलु र सुन्तलाले बजार पाउन थालेको हो ।

**खायन आलु र सुन्तला बगैँचा विस्तार तथा सुदृढीकरण**

कृषि विकास कार्यालय, राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना र स्थानीय तहहरूले म्याग्दीमा आलु र सुन्तलाखेती विस्तार तथा प्रवर्द्धनसम्बन्धी कार्यक्रममा जोड दिएका छन् । गत आवमा तीनै तहका सरकारले कृषि क्षेत्रमा रु नौ करोड ३९ लाख ८३ हजार बजेट विनियोजन गरेकामा ७२.८३ प्रतिशत अथवा रु छ करोड ७८ लाख ६७ हजार खर्च गरेका जनाएका छन् । कृषि विकास कार्यालयले आलु प्रवर्द्धन कार्यक्रममार्फत गत आवमा ८०० घरपरिवारलाई ७०० रोपनी क्षेत्रफलमा आलु लगाउन रु ३९ लाख ७० हजार अनुदान उपलब्ध गराएकामा एक हजार ६६५ मेट्रिक टन उत्पादन भएको छ । सुन्तलाजात फलफूल बगैँचा सुदृढीकरण कार्यक्रममार्फत कार्यालयको रु १९ लाख २९ हजार सहयोगमा ३२ वटा कृषि फार्मले ५९९ रोपनी क्षेत्रफलको सुन्तला बगैँचामा मलखाद, सिँचाइ, औजार तथा यान्त्रिकीकरण गरेका छन् । आगामी वर्ष फलफूल बगैँचा सुदृढीकरण तथा विस्तार कार्यक्रमलाई रु ४२ लाख र खायन आलु प्रवर्द्धन कार्यक्रमलाई रु ३३ लाख बजेट विनियोजन भएको कार्यालयका बाली संरक्षण अधिकृत प्रकाश पुनले बताउनुभयो ।

**बजेटमा उतारचढाव**

कृषि विकास कार्यालयको बजेटमा उतारचढाव हुँदै आएको छ । आव २०७८/७९ मा रु पाँच करोड १९ लाख ४६ हजार रहेको बजेट २०७९/८० मा रु पाँच करोड ४७ लाख ७६ हजार पुगेको थियो । आव २०८०/८१ मा रु सात करोड दुई लाख १४ हजार पुगेको बजेट २०८१/८२ मा घटेर रु चार करोड ८१ लाख ८७ हजार र २०८२/८३ मा रु चार करोड २४ लाख ६५ हजारमा झरेको थियो । चालु आव २०८३/८४ मा भने बजेट बढेर रु चार करोड ७८ लाख ४८ हजार पुगेको बिहीबार बेनीमा आयोजित कार्यक्रममा कार्यालय प्रमुख बास्तोलाले जानकारी गराउनुभयो । यस वर्ष प्राथमिकताप्राप्त कृषि बाली तथा वस्तुमा नयाँ ब्लक विकास कार्यक्रम स्थापनाका लागि रु २५ लाख र प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि रु १५ लाख लाख बजेट प्राप्त भएको छ । जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धनका लागि रु १० लाख, ग्रामीण कृषि पर्यटन प्रवर्द्धनका लागि रु पाँच लाख र प्राङ्गारिक मल वितरणका लागि रु १० लाख बजेट राखिएको छ । कृषि उद्यम विकासका लागि रु पाँच लाख तथा निर्यातजन्य कृषि वस्तु प्रवर्द्धनका लागि रु १५ लाख विनियोजन भएको छ ।

**किसानका समस्याः बाँदर र सिँचाइ**

कार्यक्रममा सहभागी हुन विभिन्न ठाउँबाट आएका किसानहरूले कृषि उपजको बजार व्यवस्थापन, बाँदरको समस्या, पर्याप्त सिँचाइ सुविधाको अभाव, गुणस्तरीय बीउबिजनको कमी र जनशक्ति अभावको समस्या औँल्याएका छन् । यी समस्या समाधानका लागि बीउबिजन उत्पादन कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने, युवालक्षित कृषि कार्यक्रम सञ्चालन गर्नुपर्ने, बजारको सुनिश्चितता र सिँचाइमा पर्याप्त बजेट विनियोजन गर्नुपर्ने धवलागिरि गाउँपालिका-७ का किसान तोरण थापाले बताउनुभयो ।

**सांसदको ध्यानाकर्षण र मन्त्रीको प्रतिबद्धता**

कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली (सुविन)ले मझौला र साना किसानसम्म पुग्नेगरी प्रदेश सरकारले कृषि कार्यक्रमका कार्यविधिलाई संशोधन गर्न मन्त्री भीमबहादुर कार्कीको ध्यानाकर्षण गराउनुभयो । म्याग्दीमा कृषि उपजको बजारीकरण गर्नलाई सहज होस् भनेर ग्रामीण सडक स्तरोन्नति योजनाहरूलाई पछिल्ला केही वर्षयता प्राथमिकता दिएको बताउनुभयो । मन्त्री कार्कीले गण्डकीमा भएका जनशक्तिलाई पुर्‍याएर पनि पर्यटकका लागि समेत स्वच्छ, गुणस्तरीय कृषि उपज उपभोगको वातावरण बनाउन जोड दिइएको बताउनुभयो ।

विगतमा सञ्चालन भएको चैते धान र आलुको कार्यक्रम प्रभावकारी देखिएकाले यस वर्ष पनि पुरानासहित नयाँ 'रिटर्न टु होम'लगायत कार्यक्रम ल्याएको जानकारी दिनुभयो । मन्त्री कार्कीले कृषि बिमा कार्यक्रमलाई प्रभावकारी बनाउन बिमा कम्पनीहरूसँग छलफल गरिरहेको बताउनुभयो ।

# पशुमा कृत्रिम गर्भाधान गराउनेको संख्या बढ्दै

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ५ भदौं

स्याङ्जामा पशुमा कृत्रिम गर्भाधान गराउने किसानको संख्यामा हरेक वर्ष वृद्धि हुँदै गएको छ । कम लागतमा उत्पादकत्व बढाउने उद्देश्यले मुख्य गरी गाई, भैसी, बाख्रा र बंगुरमा स्थानीय किसानले कृत्रिम गर्भाधान गराउँदै आएका छन् ।

गएको आर्थिक वर्ष २०८२/८३ मा ६ हजार ६९५ पशुमा कृत्रिम गर्भाधान गराएका किसानले अघिल्लो वर्ष २०८१/८२ मा पाँच हजार ४० पशुमा कृत्रिम गर्भाधान गराएका थिए । गएको वर्ष पाँच हजार ३३० भैसी, एक हजार २१८ गाई, ९७ बाख्रा र ५१ बंगुरसहित ६ हजार ६९५ पशुमा कृत्रिम गर्भाधान गराएको भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालयले जनाएको छ । त्यस्तै अघिल्लो वर्ष तीन हजार ८२८ भैसी, एक हजार १८ गाई, ११६ बाख्रा र १५ बंगुर गरी पाँच हजार ४० पशुमा किसानले कृत्रिम गर्भाधान गराएका थिए । आर्थिक वर्ष २०८०/८१ मा दुई हजार ६७७ भैसी, एक हजार १२२ गाई र ४१ बाख्रा गरेर तीन हजार ८४० पशुमा कृत्रिम गर्भाधान गराएको सेवा कार्यालय प्रमुख डा. रुपेश श्रेष्ठले जानकारी दिए ।

कार्यालयका अनुसार जिल्लाका स्थानीय तहसँग सहकार्य गर्दै पशुमा कृत्रिम गर्भाधान गरिएको छ । स्थानीय तहको अगुवाइ र लगानीमा उत्पादकत्व वृद्धि हुने अपेक्षासहित पशुमा कृत्रिम गर्भाधान गराउनेको संख्यामा वर्षेनी वृद्धि हुँदै गएको छ । खासगरी सबैभन्दा धेरै भैसीमा कृत्रिम गर्भाधान गरिएको कार्यालयको तथ्यांकमा उल्लेख छ । जिल्लाका ११ स्थानीय तहमध्ये आँधीखोला गाउँपालिकामा सबैभन्दा धेरै एक हजार ७९४ र सबैभन्दा कम बिरुवा गाउँपालिकामा ५६ पशुमा गएको वर्ष कृत्रिम गर्भाधान गरिएको छ । यस्तै गल्याङ् नगरपालिकामा एक हजार १२७, वालिङ नगरपालिकामा ८१३ र पुतलीबजार नगरपालिकामा ७७७ पशुमा कृत्रिम गर्भाधान गरिएको कार्यालयले जनाएको छ ।

त्यसैगरी अर्जुनचौपारी गाउँपालिकामा ७५४, भेटेरीनरी अस्पतालमा ५२३, भीरकोट नगरपालिकामा ४०४, चापाकोट नगरपालिकामा १५२, फेदीखोला गाउँपालिकामा ११५, हरिनास गाउँपालिकामा ९५ र कालीगण्डकी गाउँपालिकामा ८५ पशुमा कृत्रिम गर्भाधान गरिएको छ ।

नश्ल सुधार कार्यक्रमको प्रभावकारिता, कम लागतमा उत्पादन वृद्धि हुने र रागाँ तथा गोरु पाल्ने किसानको संख्यामा कमी आएसँगै कृत्रिम गर्भाधान गराउनेको संख्या वृद्धि हुँदै गएको कार्यालय प्रमुख डा. श्रेष्ठले जनाए । अन्य पशुमा केहि वर्षदेखि कृत्रिम गर्भाधान गराउँदै आएका जिल्लाका किसानले गएको वर्षदेखि बंगुरमा समेत कृत्रिम गर्भाधान गराउन थालेको डा. श्रेष्ठले बताए ।

# खबराको केरामा 'फ्युजारियम'

**रासस**
म्याग्दी, ५ भदौं

म्याग्दीको बेनी नगरपालिका-२ खबराको केरा खेतीमा 'फ्युजारियम' रोग देखिएको छ । पसाउने बेलामा केराका बोट तथा टुप्पाको पात पहेँलो हुने र जरामा कालो भएर मर्ने समस्या देखिएपछि दुई महिनाअघि नमुना सङ्कलन गरेर परीक्षण गरिएको थियो ।

केरामा देखिएको सङ्क्रमणको पहिचान गर्न गण्डकी प्रदेशको कृषि प्रयोगशाला, कृषि अनुसन्धान परिषद् (नार्क), जिल्ला कृषि विकास कार्यालय (म्याग्दी) र राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाको प्राविधिक टोलीले दुई महिनाअघि नमुना सङ्कलन गरेको थियो । जिल्ला कृषि विकास कार्यालयका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत सञ्जिव बास्तोलाले खबराको केराखेतीको समस्या 'फ्युजारियम' भएको प्रयोगशालाबाट प्राप्त प्रतिवेदनमा उल्लेख गरिएको जानकारी दिनुभयो । "फ्युजारियम ढुसीजन्य रोग हो । समस्या देखिएका बगैँचाको निरीक्षण, किसानसँग अन्तरक्रिया गर्नुका साथै गुभा, थाम, पात, जराको भागको नमुना सङ्कलन गरेर प्रयोगशालामा पठाएका थियौँ", उहाँले भन्नुभयो, "प्रयोगशालाबाट प्राप्त प्रतिवेदनको आधारमा पहिचान भएको रोग नियन्त्रणको प्रयास थालिएको छ ।" समस्या देखिएका बगैँचाबाट बोटबिरुवा अन्यत्र नलैजान, रोगी बिरुवालाई सुरक्षित रूपमा व्यवस्थापन गर्न, कृषि औजारलाई अन्यत्र प्रयोग गर्दा सरसफाइ गर्न, समस्या नदेखिएका बगैँचाको सरसफाइमा विशेष ध्यान दिन कृषि विकास अधिकृत बास्तोलाले किसानहरूलाई आग्रह गर्नुभयो ।

उहाँका अनुसार १२० परिवार रहेको खबराका एक सयभन्दा बढी कृषकले व्यावसायिक केराखेती गरेका छन् । केराखेती खबराको मुख्य आयस्रोत हो । अगुवा किसान सोवित शर्माले पसाउने समयमा टुप्पोमा पात पहेँलो हुने र गाना कालो भएर बोट सुक्ने समस्या बढेपछि किसानहरू चिन्तित बनेका बताउनुभयो । सबैजसो बगैँचामा केराको गुभो (बोटको भित्रीभाग) कुहिने र बोट सुक्ने समस्या देखिएको कृषक कृष्ण सापकोटाले बताउनुभयो । खबरामा ७०० रोपनी क्षेत्रफलमा केराखेती विस्तार भएकामा, १५ प्रतिशत बगैँचामा समस्या देखिएको जनाउँदै ३० प्रतिशत उत्पादन घटेको कृषक दिपक सापकोटाले बताउनुभयो ।

यहाँ केराखेतीबाट मासिक न्यूनतम रु १०-१२ हजारदेखि रु ५० हजारभन्दा बढी कमाउने कृषक छन् । घरव्यवहार चलाउन र छोराछोरी पढाउन केराखेतीको आम्दानीले सहयोग पुगेको सापकोटाले बताउनुभयो ।


## एउटै व्यक्ति भएको सूचना

कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा नं ०२ निवासी वीर बहादुर गुरुङको छोरा भारतीय भु.पु.सै.नं. G/410473A HAV का प्रेम बहादुर गुरुङको माग निवेदन अनुसार निजको श्रीमती बीर शोभा गुरुङको ना.प्र.नं.४६-०१-८१-१३४१६को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर बीर शोभा गुरुङ (BIR SHOVA GURUNG) र जन्ममिति वि.सं. २०२१।०४।०५ (ई.सं.१९६४-०७-२०) उल्लेख भएको र निजको भारतीय पेंन्सन अभिलेखमा निजको श्रीमतीको नामथर बीर सुवा गुरुङ (BIR SUBA GURUNG) र जन्ममिति वि.सं. २०२६।०६।०५ (ई.सं.१९६९-०९-२१) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि माछापुच्छ्रे गाउँपालिका ०२ नं. वडा कार्यालयको च.नं. १४६ मिति २०८३।०५।०४ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।



**जिल्ला प्रशासन कार्यालय, कास्की**

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ९ साविक तित्याङ गा.वि.स. वडा नं. ६ निवासी भारतिय भू.पू.सै.नं. १५११३३७७ (HAV) DMT Dammar Bahadur Chhetri 64F/D को नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर डम्मर बहादुर खत्री र भारतीय डकुमेन्टमा नाम थर डम्मर बहादुर क्षेत्री (Dammar Bahadur Chhetri) उल्लेख भै फरक परेता पनि दुई नामथर डम्मर बहादुर खत्री र डम्मर बहादुर क्षेत्री (Dammar Bahadur Chhetri) भएको व्यक्ति एउटै भएको साथै निजको पत्नी भद्रकुमारी खत्रीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर भद्र कुमारी खत्री (Bhadra Kumari Khatri) र जन्म मिति वि.सं. २०२५/१२/२३ भएको र निजको पतिको भारतिय डकुमेन्टमा पत्नीको नाम थर Bhadra Kumari र जन्म मिति ई.सं. १९७२/०४/२० उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी बागलुङ नगरपालिका, ९ नं. वडा कार्यालय, बागलुङको च.नं. ८९, मिति २०८३/०४/२९ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४ निवासी भारतीय भु.पु. सै.नं. ५३४०५२९W का हनेरी नायब सुवेदार गंगा बहादुर थापाको माग निवेदन अनुसार निजको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर गंगाधर जैसी भन्ने गंगा बहादुर थापा उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको नामथर गंगा बहादुर थापा उल्लेख भएको साथै निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर कौसिला पोखेल भन्ने कौसिला उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर कौसिला उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर भएका व्यक्तिहरु फरक नभई एउटै व्यक्तिहरु भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १४ नं. वडा कार्यालयको च.नं.९६९ मिति २०८३।०५।०५ को सिफारिस पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कास्की

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगर पालिका वडा नं. १६ निवासी भारतीय भु.पु.सै.नं. १३७३९७१७K का हवल्दार गोपिकृष्ण गिरीको माग निवेदन अनुसार निजको श्रीमतीको ना.प्र.नं.३१५ जारी मिति२०४३।०८।२६ को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर विष्णु देवी गिरी (Bishnu Devi Giri) र जन्ममिति वि.सं.२०१३।०८।१०(ई.सं.१९५६।११।२५)उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर भिष्णु देवी गिरी (Visnu Devi Giri) र जन्ममिति ई.सं. १९५९।०१।१७ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. ५७१ मिति २०८३।०५।०५ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कास्की

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगर पालिका वडा नं. १६ निवासी भारतीय भु.पु.सै.नं. १३७३९७१७ K का हवल्दार गोपिकृष्ण गिरीको माग निवेदन अनुसार निजको ना.प्र.नं.२४०३ जारी मिति२०३८।०१।०२ को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर गोपी कृष्ण गिरी (Gopi Krishna Giri) र जन्ममिति वि.सं.२०१०।१०।१५ (ई.सं.१९५४।०१।२८) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको नामथर गोपी कृशन गिरी (Gopi Krishan Giri) र जन्ममिति ई.सं. १९५७।०१।१४ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. ५७० मिति २०८३।०५।०५ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १० निवासी भारतीय भु.पु.सै.नं. JC 196679A नायव सुवेदार मिन बहादुर खत्रीको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर पूर्णकली खत्री, जन्म मिति वि.सं. २०१२।०१।२७ तदानुसार ई.सं. १९५५-०५-१० भएको र पेन्सन अभिलेखमा नामथर पूर्णकली, जन्म मिति ई.सं. १९५४-०४-२९ उल्लेख भई फरक परेतापनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १० नं. वडा कार्यालयको च.नं. १२७ मिति २०८३।०४।१८ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

जिल्ला प्रशासन कार्यालय, पोखरा, कास्की


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : शुभ यात्रा | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# आस्था, इतिहास र विश्वासको धरोहरः इशानेश्वर महादेव

**जनक श्रेष्ठ**
लमजुङ, ५ भदौं/रासस



बिहानको उज्यालो पूर्ण रूपमा फैलिन नपाउँदै मध्यनेपाल नगरपालिका-७ करापुटारस्थित इशानेश्वर महादेव मन्दिर परिसरमा भक्तजनको चहलपहल सुरु हुन्छ। कसैको हातमा दूध र बेलपत्र हुन्छ, कसैले पञ्चामृत बोकेका हुन्छन् भने कसैको मनमा सन्तान प्राप्ति र मनोकामना पूरा हुने विश्वास हुन्छ।

वर्षभर दर्शनार्थीको आगमन भइरहने यस धार्मिकस्थलमा साउने सोमबार र महाशिवरात्रिका अवसरमा भने श्रद्धालुको विशेष घुइँचो लाग्ने गर्दछ। लमजुङको करापुटारमा अवस्थित इशानेश्वर महादेव मन्दिर धार्मिक आस्था, ऐतिहासिक महत्व र सांस्कृतिक विश्वास बोकेको महत्त्वपूर्ण तीर्थस्थलका रूपमा परिचित छ।

विशेषगरी सन्तान प्राप्तिको कामना लिएर आउने भक्तजनको ठूलो विश्वासका कारण यो मन्दिर विशेष धार्मिक आस्थाको केन्द्र बनेको छ। शिव आराधनाको पुरानो परम्परा रहेको यस मन्दिरमा महाशिवरात्रिका अवसरमा रातभर जाग्राम बसेर 'ठाडो बत्ती' बाल्ने चलन छ। लामो समयसम्म सन्तान नभएका दम्पतीले श्रद्धापूर्वक ठाडो बत्ती बाल्दा सन्तान प्राप्त हुने तथा अन्य मनोकामना पूरा हुने धार्मिक विश्वासका कारण देशका विभिन्न स्थानबाट भक्तजन यहाँ आउने गरेका छन्।

मन्दिरका पुजारी वामदेव सोतीका अनुसार इशानेश्वर महादेवप्रतिको भक्तजनको विश्वास निकै गहिरो छ। उहाँका अनुसार महाशिवरात्रिका अवसरमा यहाँ ठाडो बत्ती बाल्ने परम्परालाई विशेष महत्वका साथ पालना गरिन्छ। "सन्तान प्राप्त भएपछि महादेवलाई देखाउन पुनः आउने भक्तजन पनि धेरै हुनुहुन्छ", उहाँ भन्नुहुन्छ। स्थानीय जनश्रुतिअनुसार इशानेश्वर महादेवको सम्बन्ध गोरखाका राजा कृष्ण शाहको कथासँग पनि जोडिन्छ। लामो समयसम्म सन्तान नभएका राजा कृष्ण शाहले महाशिवरात्रिका दिन यहाँ आएर ठाडो बत्ती बालेर पूजा गरेपछि पुत्र प्राप्त भएको र छोराको नाम रुद्र शाह राखिएको विश्वास गरिन्छ। तनहुँको बन्दीपुर गाउँपालिका-३ की सृजना पौडेलले सन्तान प्राप्तिको कामनासहित २०७५ सालको महाशिवरात्रिमा इशानेश्वर महादेवमा आएर ठाडो बत्ती बाल्नुभएको थियो। उहाँका अनुसार त्यसपछि २०७६ मंसिरमा छोरा जन्मिएको थियो। "मैले २०७५ सालमा शिवरात्रि पर्वमा आएर ठाडो बत्ती बालेकी थिएँ, त्यसपछि २०७६ मंसिरमा छोरा जन्मियो," उहाँले बताउनुभयो। गोरखाकी विपना थापाको अनुभव पनि यस्तै छ। सन्तान प्राप्तिको कामना लिएर श्रीमान्सहित इशानेश्वर आउनुभएकी उहाँले महाशिवरात्रिका अवसरमा ठाडो बत्ती बाल्नुभएको थियो। पछि छोरा जन्मिएपछि उहाँ सन्तानसहित पुनः मन्दिर दर्शन गर्न आउनुभएको थियो।

इशानेश्वर महादेव मन्दिरको इतिहास धार्मिक विश्वास र स्थानीय जनश्रुतिसँग गहिरोसँग जोडिएको छ। यस क्षेत्रको व्यवस्थित संरक्षण, प्रचार-प्रसार र विकासका लागि संस्थागत पहल हुँदै आएको इशानेश्वर क्षेत्र विकास समितिका पूर्वअध्यक्ष रामचन्द्र घिमिरे बताउनुहुन्छ। उहाँका अनुसार इशानेश्वर महादेव मन्दिर क्षेत्रको विकास र व्यवस्थापन गर्ने उद्देश्यले विसं २०६५ मा इशानेश्वर महादेव मन्दिर क्षेत्र विकास समिति गठन गरिएको थियो। त्यसपछि ट्रस्ट समिति गठन गरी मन्दिरको प्रचार-प्रसार, संरक्षण तथा विकासका कामलाई अघि बढाउँदै आएको उहाँ बताउनुहुन्छ। उहाँका अनुसार इशानेश्वर महादेवको परिचय, इतिहास र धार्मिक महत्व समेटिएको पुस्तकसमेत प्रकाशन गरिएको छ। सरकारबाट समेत यस क्षेत्रको धार्मिक महत्वलाई समेटेर प्रचार-प्रसारमा सहयोग भएको उहाँ बताउनुहुन्छ। स्वस्थानी व्रतकथामा उल्लेख भएका धार्मिक प्रसङ्गसँग समेत इशानेश्वर क्षेत्रलाई जोडेर हेर्ने गरिएको घिमिरे बताउनुहुन्छ। सतीदेवीको अङ्ग पतन भएको स्थानका रूपमा यस क्षेत्रलाई धार्मिक आस्थासँग जोड्ने गरिएको उहाँको भनाइ छ। "इशानेश्वर क्षेत्र शिव र सतीको प्रेमको प्रतीकका रूपमा समेत विश्वास गरिदै आएको छ", उहाँ भन्नुहुन्छ। "पछि मानिसहरू यहाँ आएर वसोवास गर्न थाले। खेती गर्ने क्रममा शिवलिङ्ग भेटिएको विश्वास गरिन्छ। त्यसपछि इशानेश्वरको महिमा फैलिँदै गएको हो," उहाँ भन्नुहुन्छ। इशानेश्वर महादेव मन्दिरको निर्माण विभिन्न कालखण्डमा हुँदै आएको छ। स्थानीय स्रोतका अनुसार १४१४ सालमा तत्कालीन लमजुङका राजा वीरनारायण शाहको पालामा मन्दिर निर्माण भएको विश्वास गरिन्छ। समयक्रममा विभिन्न राजा, स्थानीय समुदाय र सम्बन्धित निकायको सहयोगमा मन्दिर संरक्षण तथा विकासका काम हुँदै आएका छन्।

२०७२ सालको भूकम्पबाट मन्दिरमा क्षति पुगेपछि पुरातत्व विभागको सहयोगमा पुरानै शैली कायम राख्दै पुनर्निर्माण गरिएको इशानेश्वर क्षेत्र विकास समितिका पूर्वअध्यक्ष रामचन्द्र घिमिरे बताउनुहुन्छ। उहाँका अनुसार पुरातत्व विभागको करिब रु एक करोड २० लाख ६८ हजार सहयोगमा मन्दिर पुनर्निर्माण गरिएको छ। मन्दिर परिसरमा गौरीशङ्कर मन्दिर र १०८ शिवलिङ्ग निर्माण गरिएको छ। घिमिरे भन्नुहुन्छ, "मन्दिरदेखि करिब साढे दुई सय मिटर माथिसम्म सिँढी निर्माण गर्ने योजना छ।" इशानेश्वर क्षेत्र विकास समितिका वर्तमान अध्यक्ष गुणराज घिमिरे मन्दिरको धार्मिक महत्वलाई अझ विस्तार गर्दै संरक्षण, प्रचार-प्रसार र थप पूर्वाधार विकासमा समितिले निरन्तर काम गर्दै आएको बताउनुहुन्छ। पुरातत्व विभागको सहयोगमा मन्दिर पुनर्निर्माण गरिएको र भक्तजनबाट प्राप्त सहयोग तथा चन्दाबाट पनि विभिन्न संरचना निर्माण तथा व्यवस्थापनका काम हुँदै आएको छ। उहाँका अनुसार मन्दिर क्षेत्रमा धार्मिक तथा सांस्कृतिक गतिविधिलाई व्यवस्थित गर्न भविष्यमा गुरुकुल सञ्चालन गर्ने योजना रहेको छ।

स्थानीय धार्मिक मान्यताअनुसार इशानेश्वर क्षेत्रमै देउवा दुरा र पञ्चबहादुर गुरुङले गीतमार्फत ठाडो भाकाको सुरुआत गरेको विश्वास गरिन्छ। महाशिवरात्रिका अवसरमा हरेक वर्ष करिब डेढदेखि दुई लाखसम्म भक्तजन तथा दर्शनार्थी आउने गरेका छन्। साउने सोमबारमा पनि टाढाटाढाबाट भक्तजन आउने र विशेष पूजा-आराधना हुने गरेको उहाँ बताउनुहुन्छ।

मध्यनेपाल नगरपालिकाका उपप्रमुख सीता गुरुङका अनुसार नगरपालिकाले इशानेश्वर महादेव मन्दिर क्षेत्रको प्रचारप्रसार, संरक्षण र विकासका लागि सहयोग गर्दै आएको छ। "इशानेश्वर महादेव मन्दिरको धार्मिक तथा पर्यटकीय विकासका लागि नगरपालिकाको तर्फबाट आवश्यक सहयोग गर्दै आएका छौँ। यस क्षेत्रलाई धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्ने प्रयास भइरहेको छ", गुरुङ भन्नुहुन्छ। उहाँका अनुसार नगरपालिकाले धार्मिक पर्यटन प्रवर्द्धनसँगै स्थानीय उत्पादनको बजारीकरणलाई समेत प्राथमिकता दिएको छ। ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्व बोकेको इशानेश्वर महादेव मन्दिरको संरक्षण, प्रचारप्रसार र योजनाबद्ध विकास गर्नसके यो क्षेत्र धार्मिक पर्यटनको महत्त्वपूर्ण गन्तव्यका रूपमा अझ स्थापित हुनसक्ने देखिन्छ।

# ढोरपाटनमा विदेशी सिकारीको आकर्षण

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ भदौं

नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन सिकार आरक्षमा एक वर्षमा २१ नाउर र ११ झारलको सिकार गरिएको छ। विदेशी सिकारीले प्रतिस्पर्धामार्फत नाउर र झारलको सिकार गर्न वन्यजन्तु विभागलाई राजस्वबापत रु चार करोड १७ लाखभन्दा बढी बुझाएका छन्।

ढोरपाटनमा वर्षमा दुई चरणमा सिकार हुने गर्छ। पहिलो चरणमा रु तीन करोड तीन लाख पाँच हजार र दोस्रो चरणमा रु एक करोड ४३ लाख ७४ हजार राजस्व बुझाइएको थियो।

आरक्षका रेञ्जर सागर सुवेदीका अनुसार गत आर्थिक वर्षको पहिलो सिकार याम (असोज-मङ्सिर)मा ११ नाउर र आठ झारलको सिकार अनुमति दिइएको थियो। विभिन्न कम्पनीमार्फत आएका विदेशी सिकारीले आठ नाउर र पाँच झारलको सिकार गरेका थिए। राजस्व बुझाए पनि तीन नाउर र तीन झारलको सिकार हुन सकेन। दोस्रो सिकार याम (फागुन-वैशाख)मा १४ नाउर र १० झारलको सिकारका लागि अनुमति दिइएको थियो। सो याममा सिकारीले १३ नाउर र छ झारलको सिकार गरेका थिए। प्राविधिक कारणले एक नाउर र चार झारलको सिकार हुन नसकेको सुवेदीले बताउनुभयो। ढोरपाटन सिकार आरक्ष कार्यालयका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालका अनुसार गोलीगोठ्ठामा देखिएको समस्या, सिकारी बिरामी हुनु, मौसममा आएको परिवर्तन र निसाना चुक्नुलगायत कारणले अनुमति लिएका केही नाउर र झारलको सिकार हुन सकेन।

नेपालमा कानुनी रूपमा सिकार गर्न मिल्ने ढोरपाटन सिकार आरक्षमा विदेशी सिकारी प्रतिस्पर्धामार्फत महँगो शुल्क तिरेर सिकार गर्न आउने गर्छन्। नाउर र झारलको सिकारका लागि अमेरिका, स्पेन, नेदरल्यान्ड्स र मेक्सिकोलगायत देशबाट सिकारी आउने गरेका छन्।

सिकारका लागि आवश्यक बन्दोबस्त र मार्गनिर्देशनका लागि आरक्ष कार्यालयले आफ्ना कर्मचारी र सिकारीका भरियालाई सम्बन्धित सिकार ब्लकमा खटाउने गर्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले नाउर र झारलको सङ्ख्या हेरेर हरेक वर्ष सिकारका लागि कोटा निर्धारण गर्छ। सिकार आरक्षलाई सातवटा ब्लकमा विभाजन गरिएको छ। त्यसमा सेङ, बार्से, सुर्तिबाङ, फागुने, घुस्तुङ, दोगाडी र सुन्दह ब्लक छन्।

व्यावसायिक विदेशी सिकार कम्पनीका प्रतिनिधिसहितको टोली हेलिकप्टरमार्फत आरक्षमा पुग्ने गर्छन्। सिकारीले हेलिकप्टर, सहयोगी, बन्दोबस्त र अन्य खर्चसमेत आफैँ व्यहोर्ने गरेका छन्। एक सिकारीले १५ दिनको सिकार अवधिमा रु २० लाखदेखि रु ३५ लाखसम्म खर्च गर्ने गरेको आरक्ष कार्यालयले जनाएको छ।

सिकारीसहित नेपाली सेना र आरक्षको टोली अधिकतम १५ दिनसम्म जङ्गलमा रहने गर्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हरेक सिकार याममा विद्युतीय बोलपत्र आह्वान गरी सिकारको कोटा र राजस्व दर निर्धारण गर्ने गरेको छ।

नाउर र झारलको मूल्य, ब्लक रिजर्भ, लाइसेन्स, हेलिकप्टरलगायत सबै खर्च जोड्दा एक जना सिकारीले मोटो रकम खर्च गर्ने गरेका छन्। हालसम्म नाउर र झारलको सिकारका लागि नेपाली सिकारीले प्रतिस्पर्धा नगरेको आरक्ष कार्यालयले जनाएको छ।

विसं २०३९ मा स्थापना भएको ढोरपाटन सिकार आरक्ष बागलुङ, रुकुमपूर्व र म्याग्दी जिल्लाको एक हजार ३२५ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ।


## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला माल्याङ्कोट गा.वि.स. वडा नं. ६ बस्ने चेतबहादुर मल्लको छोरा तेजबहादुर मल्लको नागरिकता प्रमाण पत्रमा निजको नाम, थर तेज बहादुर मल्ल, जन्म मिति २०३२/५/९ भएको र निजको भारतीय सेनाको परिचय पत्रमा निजको नाम, थर, तेजबहादुर थापा, जन्म मिति २०३३/५/९ भै फरक परेता पनि उक्त दुई नाम, थर र जन्ममिति भएको व्यक्ति एउटै हुन् भनी सम्वन्धित गा. वि. स. को च. नं. ६० मिति २०५५/५।३१ को पत्रबाट लेखि आएको सोही व्यहोरा प्रमाणित गरिन्छ।

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा गाविस मल्याङ्कोट वार्ड नं. ६ बस्ने तेज बहादुर मल्लको श्रीमती शार्मिला मल्लको निवेदन माग अनुसार निजको नेपाली नागरिकताको प्रमाण-पत्रमा शर्मिला मल्ल भएको र पतिको पेन्सन सम्बन्धी अभिलेखमा शर्मिला मल्ल थापा भई फरक पर्न गएकोले दुबै नाम थर भएको व्यक्ति एउटै हो भनी सम्बन्धित कार्यालय प्रयोजनका लागि वडा मुजुल्का सहित गा.वि.स.को च.नं ३२९ मिति २०६७/१०/२० को पत्रबाट लेखी आएको भन्ने व्यहोरा प्रमाणित गरिन्छ।

जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

## बालमन्दिर माध्यमिक विद्यालय
### अन्नपूर्ण काँडे, कास्की

## खाद्यान्न सामग्री सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०५/०६ गते**

यस विद्यालयको छात्राबासमा रहेका विद्यार्थीहरुलाई खाजा, खाना खुवाउन आवश्यक खाद्यान्न सामग्री आपूर्ति गर्नुपर्ने भएकाले सम्बन्धित इच्छुक आपूर्तिकर्ताहरुबाट यो सूचना म्याद थप गरि पुनः प्रकाशन गरिएकोले ७ दिनभित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

संलग्न गर्नुपर्ने कागजातहरु:

१. व्यवसाय दर्ता तथा नवीकरण भएको कागजात

२. कर चुक्ता प्रमाणपत्र (आ.व. २०८१/०८२)

शिलबन्दी दरभाउपत्र लाहाछाप लगाई कम्पनी वा फर्मको छाप र दस्तखत अनिवार्य भएको हुनुपर्ने ।

नोटः खाद्यान्नको सूची र प्रकार विद्यालयबाट उपलब्ध हुनेछ । खाद्यान्नको दरभाउ उल्लेख गर्दा कुन ब्राण्ड वा गुणस्तरको हो सो समेत कैफियतमा खुलाउनुपर्नेछ ।

सम्पर्कः ९८५६०११७९९

## फलेवास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खानीगाउँ, पर्वत

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०५)

यस कार्यालयको लागि तपसिल बमोजिमको कर्मचारी सेवा करारमा लिनुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (मिति २०८३/०५/१९ गते कार्यालय समयभित्र) दरखास्त आह्वान गरिन्छ।

तपसिल :

| क्र.सं. | वि.नं. | सेवा, समूह, उपसमूह | पद | तह | मागपद संख्या |
|---|---|---|---|---|---|
| १ | १/०८३-०८४ | स्थानीय इन्जिनियरिङ / सर्भे | सर्वेक्षक | सहायक स्तर पाँचौ | १ (एक) |

- न्यूनतम योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन वर्षे प्रवीणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण भएको, वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको।
- उमेरः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष)।

आवेदन फाराम, आवश्यक कागजात र विस्तृत विवरण नगरपालिकाको वेबसाइट https://phalewasmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

सम्पर्क नंः ९८४७६३६०४०